# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ४२ ❖ २०८३ जेठ १३ गते बुधबार ❖ Wednesday, 27 May, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### चितवनमा प्रहरी प्रमुख पौडेलको कार्यभार सुरू

# 'प्रहरी समाज निर्माण र नागरिक सुरक्षा गर्ने शक्ति'

**- बबिलाल तामाङ**

भरतपुर। जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रामेश्वर पौडेलले प्रहरी संगठन समाज परिवर्तन र नागरिक सुरक्षाको प्रमुख आधारस्तम्भ रहेको जिकिर गरेका छन् । उनले प्रहरीको भूमिका अपराधी पक्राउ गर्ने वा कानुन कार्यान्वयनमा सीमित नभई समाजलाई सही दिशा दिने 'सामाजिक इन्जिनियर'को रूपमा विस्तार भएको बताएका हुन् ।

एसपी पौडेलले वर्तमान समाजमा प्रहरीको जिम्मेवारी थप संवेदनशील र चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै समाजमा देखिने धेरै विवाद, झगडा, दुर्घटना तथा तनाव अदालत पुग्नुअघि नै प्रहरीको सक्रियताबाट समाधान हुने बताए । 'हामी फिल्डका न्यायाधीश हौँ । धेरै घटनामा प्रहरीको समन्वय, समझदारी र हस्तक्षेपले ठूलो दुर्घटना र सामाजिक द्वन्द्व टर्ने गरेको छ', उनले भने । उनका अनुसार ट्राफिक प्रहरी र जनपथ प्रहरी सडक वा सुरक्षा ड्युटीमा खटिने कर्मचारी मात्र नभएर समाजमा अनुशासन, संयमता र सुरक्षा कायम गर्ने




जिम्मेवार पात्र हुन् ।

सडक दुर्घटना नियन्त्रण, सार्वजनिक शान्ति कायम, पारिवारिक विवाद समाधान, सामाजिक असन्तुलन न्यूनीकरण तथा नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरीले प्रत्यक्षरूपमा भूमिका खेलिरहेको उनले बताए । एसपी पौडेलले प्रहरीलाई 'समाजको पहिलो उद्धारकर्ता' को रूपमा चित्रण गर्दै कुनै पनि आपत्, दुर्घटना वा संकटका बेला सबैभन्दा पहिले प्रहरी नै नागरिकको सहयोगमा पुग्ने बताए ।

'नागरिक समस्यामा पर्दा सबैभन्दा पहिले सम्झिने संस्था प्रहरी हो । त्यसैले प्रहरीले मानवता, संवेदनशीलता र जिम्मेवारीका साथ काम गर्नुपर्छ', उनले भने ।

उनले अहिलेको समयमा प्रहरीले अपराध नियन्त्रणसँगै सामाजिक चेतना अभिवृद्धि, नागरिकमा विश्वास निर्माण र समाजलाई सभ्य तथा व्यवस्थित बनाउने दायित्व पनि वहन गर्नुपर्ने धारणा राखे । 'प्रहरीको काम हत्कडी लगाउनु मात्र होइन, समाजलाई सही बाटोमा डोऱ्याउनु पनि हो', उनले थपे ।

नागरिक र प्रहरीबीच आपसी विश्वास तथा सहकार्य बलियो भएमात्र शान्त, सुरक्षित र अनुशासित समाज निर्माण सम्भव हुने उल्लेख गर्दै उनले नागरिकलाई पनि प्रहरीप्रति सहयोगी, जिम्मेवार र सचेत बन्न आग्रह गरे ।

प्रहरीलाई डरको होइन, भरोसाको संस्थाका रूपमा स्थापित गर्न आवश्यक रहेको उनको भनाइ छ ।

### चितवन उवासंघद्वारा

## शनिबार बजार बन्द गर्न आग्रह

भरतपुर। चितवन उद्योग वाणिज्य संघले आइतबार अपिल जारी गर्दै अबदेखि सोमबार व्यवसाय नियमित सञ्चालन गर्न र शनिबार मात्रै व्यवसाय बन्द गर्न व्यवसायीहरुलाई आग्रह गरेको छ ।




विगत लामो समयदेखि प्रत्येक सोमबार व्यवसाय बन्द गर्ने अभ्यास व्यावसायिक अनुशासन, ऐक्यबद्धता तथा बजार व्यवस्थापनको सकारात्मक अभ्यासका रूपमा रहँदै आएको भन्दै संघले नेपाल सरकारले शनिबार र आइतबारलाई सार्वजनिक बिदा लागू गरिसकेको अवस्थामा सोमबारसमेत बजार बन्द हुँदा व्यवसायी, उपभोक्ता तथा सेवाग्राहीमा अन्योल सिर्जना भएको जनाएको छ ।

यसै सन्दर्भमा आइतबार संघ र विभिन्न वस्तुगत संघबीच सम्पन्न संयुक्त बैठकले अब उप्रान्त सम्पूर्ण व्यवसाय सोमबार नियमित सञ्चालन गर्ने तथा शनिबार सामूहिकरूपमा व्यवसाय बन्द गर्ने निर्णय गरेको संघका अध्यक्ष चिरन्जीवी सुवेदीले बताए ।

उनले संघले व्यवसाय सञ्चालन गर्ने वा नगर्ने अधिकार प्रत्येक व्यवसायीमा निहित रहे पनि एउटै दिन सामूहिकरूपमा व्यवसाय बन्द गर्ने अभ्यासले व्यवसायीहरूको

(बाँकी ५ पेजमा)

## मूल्य वृद्धिविरुद्ध मोटरसाइकल डोऱ्याएर प्रदर्शन

भरतपुर। पेट्रोलियम पदार्थमा र सरकारले लगाएको विभिन्न



गरिएको अत्यधिक मूल्य वृद्धि शीर्षकका करहरूको विरोधमा आइतबार चितवनमा फरक खालको प्रदर्शन गरिएको छ । जेनजी अभियन्ता मिराज ढुङ्गाना नेतृत्वको 'गरी खान देऊ' अभियान चितवन शाखाले मोटरसाइकल नचलाई हातले दोहोऱ्याएर विरोध ऱ्याली आयोजना गरेको हो ।

चितवनको चौबिसकोठीबाट सुरू भएको उक्त ऱ्याली लायन्स चोकसम्म पुगेको थियो । ऱ्यालीको नेतृत्व गरेका युवा विशु लामा गुरूङले दैनिक उपभोग्य वस्तुदेखि खाद्यान्नसम्म सबै कुराको मूल्य अकासिएको बेला आर्थिक संकटको

(बाँकी ५ पेजमा)

## नाला निर्माणको लापरबाहीले खानेपानी पाइपलाइनमा क्षति

रत्ननगर। पूर्वी चितवनको रत्ननगर नगरपालिकाको सौराहा-चोकदेखि भक्तिनी बगैँचासम्म सञ्चालन भइरहेको नाला निर्माण कार्यका क्रममा मुख्य खानेपानी पाइपलाइनमा क्षति पुगेपछि स्थानीयवासी मर्कामा परेका छन् ।

निर्माण कार्यमा आवश्यक सावधानी नअपनाउँदा पाइपलाइन फुटेको भन्दै स्थानीयले गुनासो गरेका छन् । घटनाबारे जानकारी प्राप्त हुनासाथ रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका सचिव प्रताप डल्लाकोटी तत्काल फिल्डमा पुगेर क्षतिको निरीक्षण गरेका थिए ।

उनले सम्बन्धित निर्माण पक्षलाई तुरुन्त मर्मत कार्य अघि बढाउन निर्देशन दिँदै जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको खानेपानी प्रणालीमा लापरबाही नगर्न कडा चेतावनी दिएका छन् ।

'खानेपानी नागरिकको आधार भूत आवश्यकता हो । विकास निर्माणका काम गर्दा जनताको स्वास्थ्यमा असर पर्ने गरी काम गर्नु हुँदैन', सचिव डल्लाकोटीले भने । उनले पाइपलाइन फुट्दा खानेपानी दूषित हुने जोखिमसमेत बढ्ने भएकाले यस्ता काममा विशेष सावधानी अपनाउनुपर्ने बताए ।

नाला खन्ने क्रममा पाइपलाइनमा क्षति पुगेपछि उक्त क्षेत्रका बासिन्दाले सहजरूपमा खानेपानी उपभोग गर्न नसकेको बताएका छन् ।

विशेषगरी अत्यधिक गर्मी बढिरहेका बेला पानी आपूर्ति प्रभावित हुँदा दैनिक जीवन नै कठिन बनेको स्थानीयको गुनासो छ । कतिपय घरपरिवारले वैकल्पिक स्रोतको खोजी गर्न बाध्य भएको बताएका छन् ।

स्थानीयवासीले विकास

(बाँकी ५ पेजमा)


## बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।



## गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

❖ जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
❖ संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
❖ सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
❖ विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
❖ राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
❖ विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
❖ लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं,

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# विकास निर्माणमा गति बढाऊ

पूर्वी चितवनको भण्डारादेखि धादिङको मलेखुसम्म जोड्ने चेपाङ मार्ग १७ वर्षमा मात्र २५ किलोमिटर कालोपत्रे भएको तथ्याङ्कले नेपालको विकास निर्माणमा देखिएको सुस्ततालाई स्पष्ट गर्छ। ६६ किलोमिटर लामो ट्र्याक २०६६ सालमै खुले पनि बजेट अभावले गर्दा विस्तार र स्तरोन्नति अपेक्षित गतिमा अघि बढ्न नसक्नु विडम्बनाको विषय हो। सडक निर्माण केवल यातायात सुविधा मात्र होइन, सामाजिक-आर्थिक रूपान्तरणको आधार हो । राजधानीलाई छोटो दूरीमा तराईसँग जोड्ने वैकल्पिक मार्गका रूपमा यो सडकलाई हेरिएको थियो । तर, बजेट विनियोजन असमान र अस्थिर हुँदा कहिले कालोपत्रे, कहिले सामान्य मर्मतमा मात्र सीमित हुने अवस्था सिर्जना भयो । यसले विकास योजनामा दीर्घकालीन दृष्टिकोणको कमी र राजनीतिक प्राथमिकतामा अस्थिरता देखाउँछ।

चेपाङ समुदायको जीवनस्तर उकास्ने उद्देश्यले उक्त ट्र्याक खोलिएको थियो । तर, निर्माण सुस्त हुँदा उनीहरूको आर्थिक अवसर विस्तारमा अवरोध भएको छ। सडकले बजार, शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच बढाउने सम्भावना बोकेको छ। तर, बजेट अभावले यो सम्भावना अधुरै रह्यो । यसले देखाउँछ कि विकास योजनामा सामाजिक न्याय र समावेशीकरणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता अझै पूरा भएको छैन । चेपाङ मार्ग चितवनतर्फ १२.५ किलोमिटर र धादिङतर्फ १३ किलोमिटर कालोपत्रे भएको छ। बाँकी भाग अझै कच्ची अवस्थामै छ। यसले ग्रामीण क्षेत्रमा साना सवारीसाधनले यात्रु र सामग्री ढुवानी गर्न सक्ने भए पनि समग्र मार्गलाई भरपर्दो विकल्प बनाउन सकेको छैन। ढलसहितको संरचना बनेका स्थानमा सवारीसाधन सञ्चालन भए पनि सम्पूर्ण मार्गमा समान गुणस्तर कायम गर्न नसक्नु विकासको असमानता हो।

राजनीतिक नेतृत्वले बारम्बार बजेट विनियोजनको आश्वासन दिए पनि आश्वासनलाई व्यवहारमा उतार्न नसक्दा जनतामा निराशा बढेको छ। विकास निर्माणमा गति बढाउन दीर्घकालीन योजना, स्थिर बजेट विनियोजन र पारदर्शी कार्यान्वयन अपरिहार्य छ। घोषणाले मात्र होइन, ठोस कार्यले मात्र जनविश्वास पुनर्स्थापित हुन्छ। यस सडकको उदाहरणले देखाएको छ कि नेपालमा विकास निर्माणको मुख्य चुनौती स्रोतको अभाव मात्र होइन, स्रोतको असमान वितरण र कार्यान्वयनको कमजोरी हो। यदि आगामी बजेटले चेपाङ मार्गलाई प्राथमिकतामा राखी पूर्ण कालोपत्रे गर्न सक्यो भने यो सडक निर्माण सम्पन्न मात्र नभई ग्रामीण समुदायलाई राजधानीसँग जोड्ने सामाजिक-आर्थिक पुल बन्नेछ। त्यसैले अब विकास निर्माणमा गति बढाउनु अपरिहार्य छ। सुस्त गतिले अवसर गुमाउँछ, असमानता बढाउँछ र जनविश्वास कमजोर पार्छ। स्थिर बजेट, इमानदार कार्यान्वयन र दीर्घकालीन दृष्टिकोणमार्फत मात्र विकासले गति पाउँछ। चेपाङ मार्गलाई पूर्णता दिन सकिए मात्र नेपालमा विकासको गति बढाउने प्रतीक बन्न सक्ने देखिन्छ।

# विश्व फुटबलको महाकुम्भ मेला



- नवीन लुईंटेल

खेलकुद

उत्तर अमेरिकी क्षेत्रमा हुने विश्वकप फुटबलको सरगर्मी बढ्दो छ। विश्व फुटबलको महाकुम्भ मेला आउन अब करिब एक महिना मात्र बाँकी छ। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने यो विश्वकप आगामी जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुनेछ। तेइसौं संस्करणको विश्वकप फुटबलका खेलहरू अमेरिकाका ११ सहर, मेक्सिकोका तीन सहर र क्यानडाका दुई सहरमा हुनेछन्।

सन् २००२ पछि पहिलोपटक दुईभन्दा बढी देशको संयुक्त आयोजनामा विश्वकप फुटबल हुन लागेको हो।

सन् २०२६ को विश्वकपमा रहेका तीन आयोजक राष्ट्रमध्ये मेक्सिको विश्वकप तीन पटक आयोजना गर्ने पहिलो मुलुक बनेको छ।

सन् १९८६ र २०२२ मा सहभागी भइसकेको क्यानडाले पहिलोपटक विश्वकपको सहआयोजना गर्न लागेको हो भने अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरिसकेको छ। विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका (एस्टाडियो बानोर्टे) रङ्गशालामा हुनेछ भने फाइनल खेल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ।

### ३२ बाट बढाएर ४८ देश

फिफाले पहिलोपटक २३औं विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने उद्देश्यसहित सहभागी राष्ट्रको सङ्ख्या बढाएर ४८ पुऱ्याएको छ। अघिल्ला संस्करणसम्म ३२ राष्ट्रले सहभागिता जनाउँदै आएकामा यसपटकदेखि सहभागी सङ्ख्या ४८ पुऱ्याइएको हो।

सन् १९९८ को फ्रान्स विश्वकपदेखि सन् २०२२ को कतार विश्वकपसम्म ३२ देशले प्रतिस्पर्धा गरे भने यसअघि सन् १९८२ स्पेन विश्वकपदेखि सन् १९९४ अमेरिका विश्वकपसम्म २४ देशबीच प्रतिस्पर्धा हुने गर्दथ्यो। त्यसअघि सन् १९३० मा उरुग्वेको मन्टेभिडियोमा भएको पहिलो विश्वकपदेखि सन् १९७८ मा अर्जेन्टिनामा भएको ११औं विश्वकपसम्म १६-१६ देशले प्रतिस्पर्धा गर्ने व्यवस्था गरिएको थियो।

पहिलो विश्वकपमै एसियाबाट जापान र थाइल्यान्डले नाम फिर्ता लिएका थिए। अफ्रिकाबाट प्रतिनिधित्व गर्ने इजिप्ट पनि पानीजहाज छुटेका कारण प्रतियोगितामा सहभागी हुन सकेन। यसका कारण पहिलो विश्वकपमा १६ देशमध्ये १३ देश मात्र सहभागी भए। सन् १९३८ को दोस्रो विश्वकपमा अस्ट्रेलियाले हात झिकेपछि १५ देश सहभागी भए। सन् १९५० मा ब्राजिलमा भएको विश्वकपमा भारत छनोट भएर पनि सहभागी भएन। स्कटल्यान्ड र फ्रान्सले पनि प्रतियोगितामा भाग लिएनन्।

सो विश्वकपमा पनि १६ मध्ये १३ देशबीच प्रतिस्पर्धा भयो। त्यसपछि सन् १९५४ मा स्वीट्जरल्यान्डमा भएको पाँचौं विश्वकपदेखि सन् १९७८ सम्म भने १६ देशले नै फाइनल चरणमा प्रतिस्पर्धा गरे।

### ताजा विश्वकपमा को सहभागी, को बाहिर ?

विश्वकपको फाइनल चरणमा अफ्रिकी राष्ट्र केप भेर्डे, क्यारेबियन राष्ट्र कुराकाओ तथा एसियाली देश जोर्डन र उज्वेकिस्तानले पहिलोपटक स्थान बनाएका छन्। तर बलियो तथा चारपटकको विश्वविजेता इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल भयो। युरोपियन छनोटको प्लेअफ फाइनलमा बोस्निया-हर्जगोभिनासँग पराजित हुँदै इटाली विश्वकपबाट बाहिरिएको हो। इटाली मात्र नभई विश्वकपमा बलियो उपस्थिति जनाउँदै आएका पोल्यान्ड, डेनमार्क, चिली, क्यामरुन र नाइजेरियाजस्ता शक्तिशाली राष्ट्र पनि यसपटक सहभागी हुने छैनन्।

राजनीतिक तथा आर्थिक समस्यासँग जुधिरहेका कङ्गो र हाइटी ५२ वर्षपछि विश्वकप खेल्दै छन्। इराक ४० वर्षपछि विश्वकपमा फर्किएको छ भने बोस्निया-हर्जगोभिना र इरानले पनि विश्वकपमा आफ्नो उपस्थिति जनाउँदैछन्। अस्ट्रिया, नर्वे र स्कटल्यान्डले सन् १९९८ पछि पहिलोपटक विश्वकपको फाइनल चरणमा प्रतिस्पर्धा गर्दैछन्।

### ४८ देश, १२ समूह

यसपटक कुल ४८ राष्ट्रले विश्वकपमा सहभागिता जनाउँदैछन्। टोलीहरूलाई १२ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहमा चार-चार टोली रहेका छन्। समूह 'ए' मा आयोजक मेक्सिकोसँगै दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिक रहेका छन्। समूह 'बी' मा आयोजक क्यानडा, बोस्निया-हर्जगोभिना, कतार र स्वीट्जरल्यान्ड छन्। समूह 'सी' मा ब्राजिल, मोरक्को, हाइटी र स्कटल्यान्ड छन् भने समूह 'डी' मा आयोजक अमेरिका, पाराग्वे, अस्ट्रेलिया र टर्की रहेका छन्।

समूह 'ई' मा जर्मनी, कुराकाओ, आइभरी कोस्ट र इक्वेडर रहेका छन्। समूह 'एफ' मा नेदरल्यान्ड्स, जापान, स्वीडेन र ट्युनिसिया छन् भने समूह 'जी' मा बेल्जियम, इजिप्ट, इरान र न्युजिल्यान्ड रहेका छन्। समूह 'एच' मा स्पेन, उरुग्वे, साउदी अरेबिया र केप भेर्डे छन्। समूह ' आई' मा साविक उपविजेता फ्रान्स, सेनेगल, इराक र नर्वे छन्। समूह 'जे' मा साविक विजेता अर्जेन्टिना, अल्जेरिया, अस्ट्रिया र जोर्डन रहेका छन्। समूह 'के' मा पोर्चुगल, कंगो, उज्वेकिस्तान र कोलम्बिया छन् भने समूह 'एल' मा इङ्गल्यान्ड, क्रोएसिया, घाना र पानामा रहेका छन्।

### ३९ दिन, १०४ खेल

फिफाले यसपटक विश्वकपमा सहभागी राष्ट्रको सङ्ख्या ३२ बाट बढाएर ४८ पुऱ्याएको छ। देशको सङ्ख्या बढेसँगै खेलको सङ्ख्या पनि बढेको छ। ३९ दिनसम्म चल्ने प्रतियोगितामा कुल १०४ खेल हुनेछन्। समूह चरणका खेलहरू जेठ २८ गतेदेखि असार १३ गतेसम्म सञ्चालन हुनेछन्। प्रत्येक समूहका शीर्ष दुई टोली र उत्कृष्ट आठ तेस्रो स्थान प्राप्त टोली गरी ३२ टोली राउन्ड अफ ३२ मा प्रवेश गर्नेछन्।

राउन्ड अफ ३२ का खेल असार १४ गतेदेखि असार १९ गतेसम्म हुनेछ। त्यसपछि प्रि-क्वार्टरफाइनल, क्वार्टरफाइनल, सेमिफाइनल हुँदै फाइनल खेलाइनेछ। राउन्ड अफ १६ का खेल असार २० गतेदेखि असार २३ गतेसम्म हुनेछ भने क्वार्टरफाइनल असार २५ देखि २७ गतेसम्म हुनेछ। सेमिफाइनल असार ३० र ३१ गते हुनेछ। तेस्रो स्थानका लागि साउन २ गते प्रतिस्पर्धा हुनेछ भने फाइनल खेल साउन ३ गते हुनेछ। साविक विजेता अर्जेन्टिना हो।

### खेल कुनकुन सहरमा हुँदैछ ?

तेइसौं संस्करणको विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोका १६ सहरमा आयोजना हुनेछ। अमेरिकाका ११, मेक्सिकोका तीन र क्यानडाका दुई सहरमा प्रतियोगिता सञ्चालन हुनेछ। विश्वकपको फाइनल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ। ८३ हजार दर्शक क्षमता रहेको यो रङ्गशालालाई न्यू जर्सी रङ्गशाला पनि भनिन्छ।

अमेरिकाको डलास रङ्गशालामा विश्वकपका नौ खेल हुनेछन्। ९४ हजार दर्शक क्षमता भएको रङ्गशालामा समूह चरणका पाँच, राउन्ड अफ ३२ का दुई, प्रि-क्वार्टरफाइनलको एक र सेमिफाइनलको एक खेल हुनेछ। एटलान्टास्थित मर्सिडिज बेन्ज रङ्गशालामा पनि विभिन्न चरणका खेल हुनेछन्। कान्सास सिटीस्थित गेहा फिल्ड एट एरोहेड रंगशालामा समूह चरण, नकआउट र क्वार्टरफाइनलका खेल हुनेछन्।

ह्युस्टनको एनआरजी रङ्गशाला, सान फ्रान्सिस्को बे एरियाको लेभाइज रङ्गशाला, लस एन्जलसको सोफाइ रङ्गशाला, फिलाडेल्फियाको लिङ्कन फाइनान्सियल फिल्ड, सिएटलको लुमेन फिल्ड, मियामीको हार्ड रक रङ्गशाला तथा बोस्टनको जिलेट रङ्गशालामा पनि विभिन्न खेल हुनेछन्। मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका रङ्गशालामा उद्घाटन खेल हुनेछ। पहिलो खेल आयोजक मेक्सिको र दक्षिण अफ्रिकाबीच हुनेछ। क्यानडाको टोरन्टोस्थित बीएमओ फिल्ड र भ्यानकुभरस्थित बिसी प्लेस रङ्गशालामा पनि विश्वकपका खेलहरू सञ्चालन हुनेछन्।

### टिकट मूल्य

फिफाले यसपटकको विश्वकपको टिकट मूल्य अत्यधिक महँगो हुने जनाएको छ। समूह चरणको टिकट मूल्य ३०० डलर तोकिएको छ भने फाइनल खेलको सामान्य टिकट मूल्य १० हजार ९९० डलर तोकिएको छ। यसअघि कतार विश्वकपको फाइनल टिकट मूल्य करिब १२०० डलर मात्र थियो।

### पहिलोपटक विश्वकप खेल्दै चार राष्ट्र

यसपटक विश्वकपमा केप भेर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तानले पहिलोपटक सहभागिता जनाउँदैछन्। केप भेर्डेले अफ्रिकी छनोटमा क्यामरुनलाई हराउँदै विश्वकपमा स्थान बनाएको हो। कुराकाओले जमैका, बर्मुडा र हाइटीजस्ता टोलीलाई पछि पार्दै विश्वकप यात्रा तय गऱ्यो। जोर्डनले ओमानलाई ३-० ले हराउँदै पहिलोपटक विश्वकपमा छनोट भएको इतिहास रच्यो। उज्वेकिस्तानले पनि लामो प्रयासपछि पहिलोपटक विश्वकपमा स्थान सुरक्षित गरेको हो।

### चारपटकको विजेता इटालीबिनाको विश्वकप

यसपटकको विश्वकपमा चारपटकको विश्वविजेता इटाली रहने छैन। युरोपियन छनोट चरण पार गर्न नसकेपछि इन्टर मिलानका एलेसान्द्रो बास्तोनी, निकोलो बरेला तथा पिएसजीका गोलरक्षक जियानलुइजी डोनारुम्माजस्ता खेलाडी विश्वकप खेल्नबाट वञ्चित भएका छन्। विश्वकप इतिहासमा ब्राजिलपछि सबैभन्दा सफल टोली मानिने इटालीले १८ संस्करणमा सहभागिता जनाएको छ। सन् २००६ मा चौथोपटक विश्वकप जितेपछि इटाली सन् २०१० र २०१४ मा समूह चरणबाटै बाहिरिएको थियो। त्यसपछि लगातार तीन संस्करणमा विश्वकपमा छनोट हुन नसक्नु इटाली फुटबलका लागि ठूलो धक्का मानिएको छ।

### कुन क्षेत्रीय छनोटबाट सहभागी कति ?

विश्वकपको २३औं संस्करणमा सबैभन्दा बढी युरोपियन क्षेत्र (युइएफए) बाट १६, अफ्रिकी क्षेत्र (सिएएफ) बाट १०, एशिया क्षेत्र (एएफसी) बाट नौ, उत्तरमध्ये र क्यारेवियन क्षेत्र (कन्काफ)बाट छ दक्षिण अमेरिकी क्षेत्र (कन्मेबोल)बाट छ र ओसेनिया क्षेत्र (ओएफसी) बाट एक गरी ४८ राष्ट्रले सहभागिता जनाउँदैछन्। एसियाबाट अष्ट्रेलिया, इरान, इराक, जापान, जोर्डन, कतार, साउदी अरेबिया, दक्षिण कोरिया र उज्वेकिस्तानले विश्वकपमा सहभागिता जनाउँदैछन्।

युरोपबाट अष्ट्रिया, बेल्जियम, बोस्नीया हर्जगोविना, क्रोयसिया, चेक रिपब्लिक, इङ्गल्याण्ड, फ्रान्स, जर्मनी, नेदरल्याण्ड्स, नर्वे, पोर्चुगल, स्कटल्याण्ड, स्पेन, स्वीडेन, स्वीजरल्याण्ड र टर्कीले भाग लिँदैछन्। अफ्रिकाबाट अल्जेरिया, केप भेर्डे, डिआर कङ्गो, इजिप्ट, घाना, आइभरी कोष्ट, मोरक्को, सेनेगल, दक्षिण अफ्रिका र ट्युनेसिया गरी १० देशले विश्वकपमा सहभागिता जनाउँदैछन्। दक्षिण अमेरिकी क्षेत्रबाट साविक विजेता अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, इक्वेडर, पाराग्वे र उरुग्वे गरी छ देशले विश्वकपमा खेल्दैछन्। उत्तरी, मध्यअमेरिका तथा क्यारेवियन (कन्काफ) क्षेत्रबाट क्यानडा, मेक्सिको, अमेरिका, पानामा, कुराकाओ र हाइटीले प्रतिस्पर्धा गर्दैछन्। जसमा क्यानडा, मेक्सिको र अमेरिका आयोजक हुन् भने पानामा, कुराकाओ र हाइटीले छनोटको तेस्रो राउण्डको समूह विजेताका रुपमा विश्वकपमा छनोट भएका हुन्। यस्तै ओसेनिया क्षेत्रबाट न्युजिल्याण्डले विश्वकपमा सहभागिता जनाउँदैछ।

### एशियाली क्षेत्रको छनोट

एशियाली छनौटको तेस्रो चरणमा रहेका तीन वटा समूहका विजेता र उपविजेता गरी छ देश इरान, उज्वेकिस्तान, दक्षिण कोरिया, जोर्डन, जापान र अष्ट्रेलिया सोझै विश्वकपमा छनोट भएका हुन्। बाँकी दुई देश कतार र साउदी अरेबिया तीन समूहका उत्कृष्ट तेस्रो र चौथो हुने देशबीच दुई समूह विभाजन गर्दै भएको प्रतिस्पर्धाबाट समूह विजेता विश्वकपमा छनोट भएका हुन्। यसैगरी सो दुई समूहका दोस्रो हुने टोलीबीच प्रतिस्पर्धा गर्दै इराकलाई अन्तरमहादेशीय छनोट खेल्ने अवसर मिल्यो। युएईलाई हराउँदै अन्तर महादेशीय प्लेअफ खेलेको इराकले कन्काफ र दक्षिण अमेरिकी क्षेत्रबाट प्लेअफमा आएका बोलेभिया र सुरीनामलाई पन्छाउँदै विश्वकपमा स्थान पक्का गरेको थियो।

विश्वकप फुटबलको प्रारम्भिक छनोटमा लाओस्लाई समग्रमा २-१ ले हराउँदै नेपालले अर्को चरणमा प्रवेश पाएको थियो। सो चरणमा युएई, बहराइन र यमनसँग २-२ पटक प्रतिस्पर्धा गरेको नेपालले यमनसँग एउटा खेलमा २-२ को बराबरी गर्नबाहेक अन्य सबै खेलमा नेपाल पराजित भएको थियो।

एशियाबाट छनोट भएका देशहरु यसअघि कुनकुन विश्वकपमा सहभागी थिए ?

एशियाली क्षेत्रबाट विश्वकपमा छनोट भएर प्रतिस्पर्धा गर्ने सबैभन्दा पहिलो देश इण्डोनेसिया रहेको छ। सन् १९३८ मा फ्रान्समा भएको विश्वकपका दौरान तत्कालीन डच इष्ट इन्डिजको नामले परिचित इण्डोनेसियाली फुटवल टिमले प्रतिस्पर्धा गरेको थियो। पहिलो राउण्डको खेलमै हङ्गेरीसँग इण्डोनेसिया पराजित हुन पुग्यो। सन् १९५० को विश्वकपमा भारत छनोट भएर पनि पूर्वाधार र आर्थिक

(बाँकी ५ पेजमा)

# बजेट अभाव हुँदा चेपाङ मार्गको निर्माण सुस्त गतिमा

रत्ननगर। पूर्वी चितवनको भण्डारादेखि मलेखुसम्म जोड्ने ट्र्याक खुलेको १५ वर्षमा साढे २५ किलोमिटर सडक मात्र कालोपत्रे भएको छ। ट्र्याकको लम्बाइ ६६ किलोमिटर रहेको छ।

चितवनबाट काठमाडौं जोड्ने छोटो दूरीको विकल्पका रूपमा हेरिएको यो सडकखण्डको ट्र्याक २०६६ सालमा खोलिएको थियो। नारायणगढ-मुग्लिन सडकको



विकल्पका रूपमा विस्तार गर्ने उद्देश्यले ट्र्याक खोलिए पनि पर्याप्त बजेट विनियोजन नहुँदा विस्तारसँगै कालोपत्रेले पूर्णता पाउन सकेको छैन।

हालसम्म चितवनतर्फ साढे १२ किलोमिटर र धादिङतर्फ १३ किलोमिटर सडक कालोपत्रे भएको छ। दुई जिल्ला समेटिएको यो सडक चेपाङ मार्ग भनेर पनि चिनिँदै आएको छ। कुनै वर्ष कालोपत्रे र कुनै वर्ष सामान्य मर्मतका लागि मात्र बजेट आउने भएकाले प्रगति सुस्त भएको डिभिजन सडक कार्यालय भरतपुरका इन्जिनियर मिलन घतानीले बताए।

भण्डाराबाट उत्तरतर्फको ट्र्याक पटक-पटक गरेर साढे १२ किलोमिटर कालोपत्रे भएको छ। यसै चालू आवमा मात्र एक हजार चार सय मिटर कालोपत्रे गरिएको उनले बताए। यो सडकको क्षेत्र चितवनतर्फ ३६ र धादिङतर्फ ३० किलोमिटर पर्छ। दुवै जिल्लाको सिमाना तान्द्राङ्गढी हो। चितवन जिल्लातर्फ १२।५ किलोमिटर कालोपत्रे सम्पन्न भइसकेको इन्जिनियर घतानीले बताए। कालोपत्रे भएको स्थानमा सात मिटर चौडाइ सडक रहेको छ। सडक स्तरोन्नति भएको स्थानमा सवारीसाधन सञ्चालन हुँदै आएको छ।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको मलेखुबाट १३ किलोमिटर कालोपत्रे भएको सडक डिभिजन कार्यालय नुवाकोटका सूचना अधिकारी सुदीप कार्कीले जानकारी दिए। उनका अनुसार यस कार्यालयको क्षेत्रमा पर्ने ३० किलोमिटरमध्ये मलेखुबाट ताल्चीसम्मको १३ किलोमिटर कालोपत्रे भएर सवारीसाधन सञ्चालन हुँदै आएको छ। जिल्लाका दक्षिणतर्फको ग्रामीण क्षेत्रमा साना सवारीसाधनले यात्रु र सामग्री ढुवानी गर्दै आएको सूचना अधिकारी कार्कीले बताए। यस क्षेत्रमा पर्ने सडकको साढे पाँच मिटर चौडाइ कालोपत्रे भएको छ भने दायाँबायाँ ढलसमेत निर्माण भएको उनले बताए।

'पर्याप्त बजेटको अभावमा काम छिटो हुन सकेको छैन', उनले भने, 'हामीले हरेक वर्ष आवश्यक बजेट माग गर्दै आएका छौं तर पर्याप्त बजेट निकासा हुन सकेको छैन।' काठमाडौंलाई तराईसँग जोड्ने वैकल्पिक मार्ग भनिए पनि त्यस अनुसार काम हुन नसकेको राप्ती नगरप्रमुख शमशेर लामाले बताए। यो मार्ग निर्माण पूरा भएमा यस क्षेत्रका चेपाङ समुदायको आर्थिक अवस्था सुधारमा सहयोग पुग्ने उनको भनाइ छ।

चेपाङ समुदायको जीवनस्तर उकास्न सकिने र छोटो दूरीमा राजधानीलाई जोड्ने योजना भएकाले ट्र्याक खोलिएको तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डे बताउँछन्। चितवनको निर्वाचन क्षेत्र नं १ का सांसद् हरि ढकालले आगामी बजेटमा सम्बोधन गरेर थप विस्तारको काम अघि बढाउने तयारी भएको जानकारी दिए।

'लामो समयदेखि बजेट अभावमा यो सडकको बाँकी काम सुस्त भएको छ', उनले भने, 'आगामी बजेटमा सडक विस्तारसँगै कालोपत्रे हुने गरी बजेट विनियोजन हुने छ।'

# निकुञ्जका वन्यजन्तुलाई नहरको पानी

रत्ननगर। निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका वन्यजन्तुलाई आवश्यक पानीका लागि नहरबाट पानीको व्यवस्था गर्न थालिएको छ। गर्मी वढेसँगै चितवन राष्ट्रिय निकुञ्जमा पानीको अभाव भएपछि खगेरी नहरबाट पानी छोडिएको छ। टिकौलीबाट देवनगरसम्मको नौ किलोमिटर नहरमा पानी छोडिएको हो। योसँगै निकुञ्ज तथा बरण्डाभार क्षेत्रमा रहेका पोखरीहरूमा पुनर्भल (रिचार्ज)का लागिसमेत पानी छोडिएको छ।

नारायणी लिफ्ट तथा खगेरी सिँचाइ आयोजनाका प्रमुख कुलप्रसाद चालिसेका अनुसार सो क्षेत्रमा रहेका झण्डै १२ वटाभन्दा बढी पोखरी पुनर्भलका लागि पानी छोडिएको छ। अब निरन्तर सो क्षेत्रमा पानी छोडिने उनले बताए। गर्मी याम बढेसँगै निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका ताल तलैयाहरू सुक्ने हुँदा वन्यजन्तुका लागि पानीको अभाव हुने गरेको छ। जसका कारण वन्यजन्तु बस्ती छिर्ने गर्दछन्।

हरेक वर्ष गर्मी समयमा वन्यजन्तुका लागि पानी छोड्ने गरिन्छ। नहर मर्मत गरी पानी छोडिएको हो। यस क्षेत्र गैंडा, चित्तल, बाघ भालुलगायतका वन्यजन्तुहरू र चराचुरुङ्गीको बासस्थान रहेको छ।


## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# स्वास्थ्य/खेलकुद



## दैनिक दुई चम्चा घ्यू खाँदा यस्ता छन् ८ फाइदाहरु

तपाईंको स्वास्थ्यका लागि सबै चिल्लो खराब हुँदैन र केही चिल्लोले वास्तवमा नै तपाईंको स्वास्थ्यमा अनेकौं फाइदा पुर्याउने गर्छ। गाईको घ्यूलाई एक किसिमले नेपाली सुपरफुड नै मान्न सकिन्छ किनभने यसका विभिन्न फाइदा छन्। यस्ता छन् घ्यूका ८ फाइदाहरु।

**पाचनमा सुधारः**

विशेषज्ञका अनुसार नौनीको एक स्पष्ट रुप घ्यू हो। आयुर्वेद अनुसार यो सानो आन्द्राको अवशेषण



क्षमतालाई सुधार गर्ने गर्छ र हाम्रो ग्यास्ट्रोइन्टेस्टाइनल ट्र्याकको अम्लीय पीएचलाई कम गर्दछ। घ्यू ओमेगा-थ्री फ्याटी एसिडको एक समृद्ध स्रोत हो जो एलडीएल कोलेस्ट्रोललाई कम गर्छ।

**उमेर बढ्नबाट रोक्छः**

गाईको घ्यूमा एक प्राकृतिक एन्टीअक्सीडेन्ट हुन्छ। त्यसकारण यसले हाम्रो मस्कुलोस्केलेटल सिस्टममा अपरिवर्तनीय परिवर्तनलाई रोक्छ, समय अगावै बुढो हुनबाट जोगाउँछ र अल्जाइमर रोगबाट मुक्त गराउँछ।

**कपाल र छालाका लागिः**

घ्यूले हाम्रो शरिरबाट विषाक्त पदार्थलाई हटाउने काम गर्छ। आन्द्राको स्वास्थ्य राम्रो बनाउँछ र तपाईंको छाला र कपाललाई स्वस्थ राख्छ। जोर्नीलाई चिल्लो राख्न सहयोग गरेर हाम्रो हड्डीलाई बलियो बनाउँछ।

**तौल घटाउन सहयोग गर्छः**

विशेषज्ञका अनुसार घ्यूले वास्तवमा नै तपाईंको तौल कम गर्न सहयोग गर्छ। घ्यूमा ब्यूटरिक एसिड र मध्यम श्रृंखला ट्राइग्लिसराइड्स शरिरको बोसोलाई जम्मा गरेर त्यसबाट छुटकारा पाउन मद्दत गर्छ। विशेषज्ञका अनुसार घ्यूले राम्रो एचडीएल कोलेस्ट्रोललाई बढाउन मद्दत गर्छ।

**शरिरलाई सुगठित राख्छः**

यदि तपाईं आफ्नो तौल बढाउन चाहनुहुन्न भने दैनिक दुई-तीन चम्चा (१०-१५ मिलिमिटर) गाईको घ्यूको सेवन गर्नुहोस्।

**कसरी शरिरलाई फाइदा पुर्याउँछ गाईको घ्यूः**

- दुई थोपा गाईको घ्यू नाकमा हाल्दा तपाईंको शरिरको रोग प्रतिरोधक क्षमता बृद्धि हुन्छ। यसले वातावरणमा भएको धुलो, धुँवजा र प्रदुषणबाट हुने एलर्जीलाई कम गर्छ। यो घाँटी र नाकको संक्रमणबाट पनि जोगाउने गर्छ।

- खानामा दुई तीन चम्चा घ्यू मिसाएर खाँदा पाचन प्रक्रियामा सुधार हुन्छ।

# सुरक्षाकर्मी चढेको डुङ्गा पल्टिएपछि...

नवलपुर। चितवन र नवलपुर हुँदै बग्ने गहिरो नदी नारायणीमा चलिरहेको डुङ्गा शुक्रबार साँझ अचानक पल्टियो। सशस्त्र प्रहरी बलको सुरक्षाकर्मी सवार भएको र्‍याफ्टिङ डुङ्गा नारायणी नदीमा एक्कासि पल्टिएपछि मान्छे उद्धारका गुहार माग्दै थिए।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटस्थित नारायणी नदीमा जब यो दृश्य देखियो तब मान्छे नदी किनारमा जम्मा हुन थाले। नारायणी नदीमा भएको यो घटना कुनै भवितव्य दुर्घटना नभई विपद् प्रतिकार्य अभ्यासका लागि सुरक्षाकर्मी आफैंले गराएको कृत्रिम अभ्यासको घटना हो।

नवलपुरमा रहेको सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटरले जिल्लाको कावासोतीमा रहेका सरोकारवालालाई 'समुदायमा आधारित विपद् प्रतिकार्य तथा खोज उद्धार'सम्बन्धी दिएको प्रशिक्षणमा सुरक्षाकर्मीले डुङ्गा पल्टाएका हुन्।

डुङ्गा पल्टिएपछि पल्टिएको डुङ्गालाई कसरी सुल्टो बनाएर ज्यान जोगाउने भन्ने विषयमा नदीमा नै सुरक्षाकर्मीले अभ्यास गरेर देखाएका थिए। योसँगै उनीहरुले नदीमा कसरी सुरक्षित हुन सकिन्छ भन्ने विषयमा घरेलु सामग्रीले तयार पारिएका जीवन सुरक्षित पार्ने विधिसमेत प्रदर्शनी गरेका थिए।

तालिमका क्रममा सुरक्षाकर्मीले घरवरिपरि फालिएका विभिन्न सामग्रीलाई सङ्कलन गर्दै बाढी तथा डुबान क्षेत्रबाट सुरक्षित स्थानमा जान मिल्ने उपकरणको तयारीबारे समुदायलाई जानकारी दिएका थिए।

तालिमका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरका सशस्त्र प्रहरी निरीक्षक रामचन्द्र खड्काले खोलामा कसरी उद्धार गर्ने, कसरी सुरक्षित रहने तथा घरेलु उपकरण प्रयोग गरेर कसरी खोलामा डुब्नबाट जोगिन सकिन्छ भन्नेबारे प्रशिक्षण दिएका थिए।

खड्काले प्लाष्टिकका बोत्तल, जर्किन, सवारीसाधनको ट्युब, केराको थम्बा (बोट), सुकेको बाँसको सामग्रीलगायतबाट नदीमा तैरिने सामग्री निर्माण गरी बाढी तथा डुबानजन्य विपद्बाट जोगिने उपायबारे समुदायलाई जानकारी गराएका थिए। उनले नदीजन्य विपदमा परेका समुदायका उद्धारका लागि र्‍याफ्टिङ डुङ्गा लैजाँदा त्यसलाई कसरी सञ्चालन गर्ने र कसरी मानिसलाई उद्धार गर्ने भन्नेबारे सहभागीलाई जानकारी गराएका थिए।

कारितास नेपालको आयोजनामा बिहीबारदेखि सुरु भएको उक्त प्रशिक्षणमा कावासोती नगरपालिकाका ३० जना सरोकारवालाको सहभागिता रहेको संस्थाका वरिष्ठ जिल्ला अधिकृत सुजन गौलीले जानकारी दिए।

चार दिनसम्म सञ्चालन हुने तालिममा कावासोती नगरपालिकाको वडा नम्बर १ देखि १७ सम्मका विपद् व्यवस्थापन समितिका सदय तथा सामुदायिक वन, विद्यालय, युवा क्लब, स्वास्थ्य संस्था, सामुदायिक प्रहरी र नगरप्रहरीको सहभागिता रहेको गौलीले बताए।

प्रशिक्षणका क्रममा सशस्त्र प्रहरी बलको टोलीले सहभागीलाई एलपी ग्यासको सिलिण्डरमा आगलागी भएमा नियन्त्रण लिने उपाय, दुर्घटनामा घाइतेको उद्धार तथा नदीमा हुने विपद्मा उद्धारका अभ्यास गराइने उनले बताए।

तालिममा सहभागी प्रशिक्षण-पश्चात समुदायमा फर्किएर विपद्को समयमा खोज तथा उद्धारको काममा खटिने गौलीको भनाइ छ।

सशस्त्र प्रहरी बलले विभिन्न संघसंस्थासँगको सहकार्यमा समुदायमा रहेका व्यक्तिलाई विपद् प्रतिकार्य अभ्यास गराउँदै आएको सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक लक्ष्मण बरालले बताए।

नवलपुरका धेरै पालिका मनसुनजन्य विपद्को जोखिममा रहेका भन्दै समुदायका हरेक व्यक्तिलाई यसप्रकारको तालिम आवश्यक रहेको बताए।


न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

# एसपी पौडेललाई चितवन उवासंघको स्वागत

भरतपुर। चितवन उद्योग वाणिज्य संघले चितवन जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेललाई स्वागत गरेको छ।

चितवन जिल्लाका लागि नवआगन्तुक प्रहरी प्रमुखको रुपमा आएका प्रहरी उपरीक्षक रामेश्वर पौडेललाई संघमा स्वागत गरेको हो।

स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गदै संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले संघको बारेमा विस्तृत जानकारी गराउँदै उनले विगत लामो समयदेखि उद्यमी एवम् व्यवसायी र प्रहरी प्रशासन एकआपसमा सहकार्य गर्दै अगाडि बढेको बताए।

उनले चितवनको व्यावसायिक विकासका लागि सुरक्षा महत्त्वपूर्ण एवम् अपरिहार्य रहेको बताउँदै जिल्ला प्रहरी कार्यालयले चाल्ने सकारात्मक कदममा चितवन उद्योग वाणिज्य संघको पूर्ण सहयोग रहने जनाउँदै चितवन बसाइको पूर्ण सफलताको कामनासमेत व्यक्त गरे।

कार्यक्रममा बोल्दै प्रमुखअतिथि जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले निजी क्षेत्र र व्यावसायिक संस्थाहरु देशको आर्थिक मेरूदण्ड भएको र शान्तिसुरक्षाबिना आर्थिक समृद्धिको परिकल्पना गर्न नसकिने बताए। उनले चितवन जिल्लाको शान्तिसुरक्षा र अमनचयनमा कुनै कसुर बाँकी नराख्ने बताउँदै शान्तिसुरक्षा र व्यवस्थापनमा उद्योगी, व्यवसायीहरुबाट पनि सहकार्यको अपेक्षा राखेको बताए।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य सुमनकुमार श्रेष्ठले प्रहरी एक्लैले समाजलाई सुरक्षित राख्न नसक्ने बताउँदै उनले व्यवसायीहरु पनि आफ्नो सुरक्षाको लागि आफैं सचेत हुनका लागि अनुरोध गर्दै व्यवसायीहरुलाई सिसी क्यामेरा पसलभित्र मात्र जडान नगरी बाहिर बाटोतिरसमेत जडानका लागि अनुरोध गरे। उनले जिल्लाको शान्तिसुरक्षाको सवालमा संघ प्रहरीसँग हातेमालो गर्दै अगाडि बढ्ने जनाउँदै जिल्ला प्रहरी प्रमुखको चितवन बसाइ सफल, उपलब्धिमूलक र ऐतिहासिक एवम् पूर्ण सफलताको कामनासमेत व्यक्त गरे।




कार्यक्रममा संघका उपाध्यक्षत्रय नारायण प्रधान, जनक पौडेल, राजन पिया, कार्यकारी निर्देशक नीलबहादुर केसीलगायत संघका कार्यसमिति सदस्यहरु, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

संघका अध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षता एवम् वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओलीले उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापनसहित समापन गरेको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गरेका थिए।

# हुलाकी सडकमा निगरानी क्यामेरा जडान

चितवन। चितवनको जगतपुर-कसरा-बनकट्टा-माडी हुलाकी सडकखण्डअन्तर्गत बनकट्टादेखि ध्रुव पोस्टसम्म वन्यजन्तु आवतजावत हुने संवेदनशील क्षेत्रमा सडक सुरक्षा र वन्यजन्तु संरक्षणलाई लक्षित गर्दै प्राविधिक टोलीले निगरानी क्यामेरा जडान कार्य सुरू गरेको छ।



चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको उक्त सडक क्षेत्रमा सवारी साधन र वन्यजन्तुबीच हुन सक्ने सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले यो प्रणाली विस्तार गर्न लागिएको हो। क्यामेरा जडानपछि उक्त क्षेत्रमा वन्यजन्तुको गतिविधि निगरानी गर्न सहज हुने र आवश्यक सुरक्षा रणनीति तय गर्न सहयोग पुग्ने विश्वास लिइएको छ। यस सडक खण्डको दीर्घकालीन सुधारका लागि बहुआयामिक योजनासमेत अघि सारिएको छ। जसअन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कनअनुसार वन्यजन्तु सुरक्षित आवतजावतका लागि फ्लाइओभर (ओभरपास) निर्माण गर्ने, सडकको अलाइनमेन्ट सुधार गरी दूरी छोट्याउने तथा सडकलाई अझ सीधा र व्यवस्थित बनाउने योजना समावेश छन्।

यस्तै, निकुञ्ज क्षेत्रभित्र पर्ने सडक मापदण्डअनुसारका रुखहरूको गणना गरी आवश्यक प्रक्रिया पूरा गरेर मात्र व्यवस्थापन गरिने जनाइएको छ। सबै कामलाई स्थानीयवासीको सुविधा र दीर्घकालीन यातायात सहजतालाई ध्यानमा राख्दै छिटो सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

यो सडकखण्ड चितवनको प्रमुख पूर्वाधार मार्गमध्ये एक भएकाले वन्यजन्तु संरक्षण र विकास निर्माणबीच सन्तुलन कायम गर्दै सुरक्षित र दिगो यातायात प्रणाली निर्माण गर्ने अपेक्षा गरिएको छ।

## फिल्म/मनोरञ्जन

# टेरियाको "मितज्यू" दर्शकको रुचिमा, 'डर हराउँदैछ'

काठमाडौं। गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'मितज्यू'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकीय प्रतिक्रिया राम्रो पाएको छ। शुक्रबार र शनिबार काठमाडौंका विभिन्न हलमा भेटिएका प्रायः दर्शकले फिल्मको कथावस्तु र कलाकारहरूको अभिनयको प्रशंसा गरेका थिए। फिल्मले दिने सन्देश पनि राम्रो रहेको कतिपयको प्रतिक्रिया थियो।




फिल्म प्रदर्शन भएसँगै अभिनेत्री टेरिया फौजा मगर काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकहरूको प्रतिक्रिया बुझिरहेकी छन्। उनी शनिबार दिउँसो ललितपुरको क्यूएफएक्स हलमा पुग्दा प्रायः दर्शकले उनको अभिनय र नृत्यको खुलेर प्रशंसा गरे। पहिलो फिल्म भए पनि उनको अभिनय नयाँ कलाकारजस्तो नदेखिएको धेरैको प्रतिक्रिया थियो।

दर्शक प्रतिक्रियाले उत्साहित देखिएकी टेरिया विस्तारै आफ्नो डर हराउँदै गएको बताउँछिन्। उनी भन्छिन्, 'फिल्म रिलिजअघि म निकै 'नर्भस' थिएँ। मेरो अभिनयलाई लिएर दर्शकबाट कस्तो प्रतिक्रिया आउला भनेर डराएकी थिएँ। अब चाहिँ त्यो डर विस्तारै हराएको छ। मलाई भेट्ने दर्शकहरूले 'राम्रो अभिनय गर्ने रैछौ' भन्नुभएको छ। मेरो लागि यो सबैभन्दा ठूलो खुसी हो।'

फिल्म हेर्ने महिला दर्शकहरूले आफ्नो पात्रसँग 'रिलेट' गरेको समेत उनको भनाइ छ। 'फिल्ममा मेरो पात्रमार्फत जसरी महिला सशक्तिकरणको विषय उठाइएको छ, त्यसमा महिलाहरूले आफूलाई 'रिलेट' गर्नुभएको छ। धेरैले फिल्म हेरेपछि 'हामी पनि केही गर्न सक्छौं' भन्ने महसुस भयो भनेर प्रतिक्रिया दिँदा ज्यादै खुसी लागेको छ। मैले सुन्न चाहेको पनि यही थियो,' उनले भनिन्।

फिल्मका मुख्य अभिनेता दयाहाङ राई पनि दर्शकीय प्रतिक्रियाले उत्साहित देखिएका छन्। शनिबार हल भ्रमणको क्रममा उनले भने, 'फिल्ममा प्रयोग गरिएको 'पोलिटिकल मेटाफोर'लाई प्रायः दर्शकले मन पराउनुभएको छ। जनयुद्धले कस्तोसम्म असर गरेको थियो भन्ने कुरा अहिलेको पुस्ताले बुझ्न पनि फिल्म हेर्नुपर्ने प्रतिक्रिया दर्शकले दिँदा आनन्द महसुस भएको छ।'

मितेरी साइनो (मित लगाउने परम्परा)को कथामा बनेको 'मितज्यू'मा दयाहाङ र टेरियासहित सौगात मल्ल, पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, स्मिता लामिछाने, अरुण पुन मगर, खड्गबहादुर पुन, सविन कट्टेल, अनु थापालगायतका कलाकारहरूको अभिनय रहेको छ। अनिल बुढा मगरको निर्देशनमा

# "पाँच पाण्डव"को छायांकन पूरा, तिहारमा प्रदर्शन हुने

काठमाडौं। अभिनेता हरिवंश आचार्यले युधिष्ठिरको भूमिकामा अभिनय गरेको फिल्म 'पाँच पाण्डव'को छायांकन सकिएको छ। गत चैत २ गतेबाट सुरु भएको फिल्मको छायांकन ६६ दिनमा पूरा भएको हो। आइतबार काठमाडौंको एक स्टुडियोमा अन्तिम दृश्य खिचेपछि निर्माण टिमले केक काटेर सेलिब्रेट गऱ्यो। काठमाडौंअघि पूर्वको झापामा फिल्म खिचिएको थियो।

'लाज शरणम्'का निर्माता नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा काली रानी श्रेष्ठ निर्माताको रूपमा छिन्। फिल्ममा सुशील पौडेलको लेखन तथा श्याम तामाङको छायांकन रहेको छ। कलाकारको 'लाइनअप'का कारण दर्शकमाझ प्रतिक्षीत बनेको यो फिल्मलाई तिहारमा रिलिज गर्ने तयारी गरिएको छ। तर, प्रदर्शन मिति भने तय भएको छैन।



काली रानी फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा हरिवंशसहित जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला, दीपाश्री निरौला, सरिता गिरी, बिनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरीलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ। फिल्मलाई वसन्त निरौलाले निर्देशन गरेका हुन्। उनले यसअघि 'ज्वाइँ साब' बनाएका थिए।

लेखक पौडेलले फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको स्पष्ट पारेका छन्। उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो। फिल्मले महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) का चरित्र र विम्बलाई प्रयोग गर्दै समकालीन समाजको यथार्थ कथा प्रस्तुत गर्ने उनले बताए।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# शहीदपुत्री आकृतिको देशको सेवा गर्ने सपना

भरतपुर । भरतपुर महानगरपालिका-११ बसेनीस्थित जेनजी आन्दोलनका शहीद सारकुमार राईको डेरा केही समयका लागि पीडा भुलाउने वातावरण बन्यो । लामो समयदेखि शोक र पीडामा रहेको परिवारमा शहीद राईकी छोरी आकृति राईले माध्यमिक शिक्षा परीक्षा (एसइई)मा ३.४० जिपिएसहित एसइई उत्तीर्ण भएपछि खुसी छाएको हो ।

आकृतिको पढाइको जिम्मेवारी लिएका गोल्याण ग्रुपका अध्यक्ष तथा पदाधिकारीको टोली उनलाई बधाई दिन घरमै पुगेको थियो । आकृतिकी आमा सुनिता राईले छोरीको सफलताले परिवारमा आशा र आत्मविश्वास बढाएको बताइन् । उनले भनिन् 'अब आँट आउन थालेको छ । मेरो नानीले केही गर्छे जस्तो लागेको छ ।'

उनले छोरीको शिक्षामा सहयोग गर्ने गोल्याण ग्रुपप्रति आभार व्यक्त गर्दै दुःख र अन्योलबीच आएको सहयोग परिवारका लागि मलमसरह बनेको बताइन् । परिवारमा परेको पीडाले छोरी पहिलेभन्दा अझ आत्मविश्वासी र समाजमा केही गर्न सक्ने खालकी बनेको उनको भनाइ थियो ।

उनले भनिन्, 'पहिले धेरै नबोल्ने छोरी अहिले तीन-चार जना मानिस भएको ठाउँमा बोल्न सक्ने भएकी छ । उसले मलाई सम्झाउने गर्छे ।'

गोल्याण ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक अक्षय गोल्याणले आकृतिले पीडालाई पन्छाएर पढाइमा उत्कृष्ट नतिजा ल्याएको बताए । उनले आफूहरूसँगै शिक्षक र परिवारको सहयोगले आकृतिलाई विज्ञान विषय अध्ययनतर्फ अघि बढ्न थप प्रेरणा मिलेको उल्लेख गरे ।

उनले भने, 'पीडाबाट कसरी अगाडि बढ्ने भन्ने कुरा आकृतिको पढाइले सिकाउँछ । राम्रो अभिभावक र शिक्षक पाए विद्यार्थी अझ राम्रो गर्न सक्छन् । आकृतिकी आमाले पीडाका बाबजुद ठूलो साथ दिनुभएको छ ।'

उनले विद्यार्थी पास मात्रै नभई आत्मनिर्भर बन्न सक्ने खालको हुनुपर्ने बताउँदै विद्यार्थीको चाहना र क्षमताअनुसार शिक्षा प्राप्त गर्न सहयोग गर्दै आएको जानकारी दिए ।

उदयपुरको चौदण्डीगढी नगरपालिका स्थायी घर भएकी आकृतिले कक्षा ८ देखि भरतपुर स्थित मनशिक्षा मन्दिर माध्यमिक विद्यालयमा अध्ययन गर्दै आएका हुन् । उनले विद्यालय परिवार र सहयोगी संस्थाको साथले पढाइ सहज भएको बताए । उनले भने, 'गोल्याण के हो भन्ने पहिले थाहा थिएन । भेट भएपछि आफ्नै परिवार जस्तो लागेको छ ।'

आकृतिले अब भरतपुरस्थित आरोमा कलेजमा प्लस टु अध्ययन गर्ने बताउँदै भविष्यप्रति आशावादी रहेको धारणा राखे । प्लस टु अध्ययनपछि बिएससी नर्सिङ अध्ययन गरी देशमै सेवा गर्ने इच्छा रहेको उनले बताए ।

मनशिक्षा मन्दिर माध्यमिक विद्यालय का प्रधानाध्यापक इन्द्रेश शाहले आकृति मेहिनती र जिम्मेवार विद्यार्थी रहेको बताए । उनले पारिवारिक पीडाका बाबजुद विद्यालय र पछि गोल्याण ग्रुपबाट प्राप्त सहयोगले आकृतिमा थप उत्साह आएको उल्लेख गरे ।

उनले भने, 'परिवारमा पीडा नभई अनुकूल वातावरण भएको भए आकृतिको बढी अङ्क ल्याउने सम्भावना थियो ।'

अबआृकतिलेअध्ययनगर्नेकलेज आरोमा कलेज भरतपुरका प्रिन्सिपल शेरबहादुर क्षेत्रीले आकृतिको अध्ययनका लागि कलेज पूर्णरूपमा सहयोग गर्न तयार रहेको बताए । गोल्याण ग्रुपसँग समन्वय गरेर आवश्यक जिम्मेवारी लिने प्रतिबद्धता उनले व्यक्त गरे।

गोल्याण ग्रुपका कर्पोरेट अफेयर्स, कम्युनिकेसन्स एण्ड पिआर प्रमुख ज्योति गैरेले आकृतिको सफलताको सम्मान स्वरूप घरमा नै आएर भेटेर बधाई कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

उनका अनुसार आकृति जेनजी आन्दोलनका शहीद परिवारबाट एसइई उत्तीर्ण गर्ने पहिलो सन्तान हुन् । जेनजी आन्दोलनका शहीदका ३२ जना बालबालिकालाई गोल्याण ग्रुपले कक्षा १२ सम्म शैक्षिक वृत्ति प्रदान गरिरहेको छ । प्रत्येक विद्यार्थीलाई मासिक रु ४० हजारका दरले वार्षिक रु चार लाख ८० हजार उपलब्ध गराइँदै आएको छ ।

उनले चितवनमा आकृतिसहित कक्षा ४ मा अध्ययनरत अर्को एक शहीद परिवारका बालबालिकालाई सहयोग गरिरहेको बताए ।

देशभरका विद्यालय जाने तयारीमा रहेका तथा विभिन्न कक्षामा अध्ययनरत शहीद परिवारका बालबालिकालाई गोल्याण ग्रुपले सहयोग गर्दै आएको उनले जानकारी दिए ।



# महिलालाई कुटपिट गरी लुटियो सुन

भरतपुर । चितवनको भरतपुर महानगरपालिका-२० दद्रेनीमा अज्ञात समूहले घरमा पसेर एक महिलामाथि कुटपिट गरी सुन लुटेर फरार भएको घटना सार्वजनिक भएको छ ।

स्थानीय ५१ वर्षीया झलककुमारी घिमिरेमाथि शुक्रबार राति करिब १२:०० बजे अज्ञात व्यक्तिहरूले आक्रमण गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनीहरूले घरको ढोका फोरेर भित्र प्रवेश गरी घिमिरेको आँखा र मुख थुनेर कुटपिट गरेका थिए ।

कुटपिटपछि आक्रमणकारीहरूले उनले लगाएको करिब दुई तोलाको सुनको रिङ लुटेर फरार भएका हुन् । घटनापछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता मनिष श्रेष्ठले घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य तीव्र पारिएको जानकारी दिए । उनका अनुसार शंकास्पद व्यक्तिहरूमाथि निगरानी राखेर अनुसन्धान अघि बढाइएको छ ।

## नाला ...

निर्माणका काममा सम्बन्धित निकायबीच समन्वय अभाव हुँदा सर्वसाधारणले सास्ती खेप्नुपरेको बताएका छन् । उनीहरूले निर्माण कार्यलाई व्यवस्थित र जिम्मेवार ढङ्गले सञ्चालन गर्न माग गरेका छन् । यसैबीच, रत्ननगर खानेपानी संस्थाले पाइपलाइन मर्मत कार्यलाई तीव्र बनाइएको जनाएको छ ।

क्षतिग्रस्त पाइपलाइन छिट्टै मर्मत गरी नियमित खानेपानी आपूर्ति सुचारु गरिने संस्थाले जनाएको छ ।

## चितवन ...

साझा आवाजलाई अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरे । विशेषगरी कर नीति, बजार व्यवस्थापन, व्यावसायिक हकहित, आर्थिक चुनौती तथा निजी क्षेत्रसँग सम्बन्धित विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउन सामूहिक एकता महत्त्वपूर्ण हुने संघले अपेक्षा गरेको छ । यस्तै, शनिबार एक दिन व्यवसाय बन्द गर्दा व्यवसायी तथा कर्मचारीलाई नियमित विश्राम मिल्नुका साथै सरसफाइ, स्टक व्यवस्थापन, मर्मत सम्भार तथा आन्तरिक प्रशासनिक कार्य व्यवस्थित गर्न सहज हुने संघले जनाएको छ ।

## विश्व ...

कारण देखाउँदै प्रतिस्पर्धा गर्न असफल रह्यो। यसपछि दक्षिण कोरियाले सन् १९५४ मा विश्वकप खेलेको थियो। सो विश्वकपमा दक्षिण कोरिया हङ्गेरीसँग ९-० ले तथा टर्कीसँग ७-० ले पराजित भएको थियो ।

सन् १९७४ मा अष्ट्रेलिया र लगत्तै चार वर्षपछि इरान सहभागी भयो। सन् १९८६ र १९९० मा दक्षिण कोरियाले प्रतिस्पर्धा गर्‍यो । १९९४ को अमेरिका विश्वकपमा साउदी अरब पहिलोपल्ट सहभागी हुँदा दक्षिण कोरियाले निरन्तरता पायो। सन् १९९८ देखि प्रत्येक विश्वकपमा कम्तिमा चार टिम पुग्नेनियम बनाइसक्यो। दक्षिण कोरियालले १३औँ पटक विश्वकपमा सहभागिता जनाउँदै गर्दा जापान र साउदी अरेबियाले सातौँ पटक प्रतिस्पर्धा गर्दैछ। अष्ट्रेलिया र इरानले ६-६ पटक विश्वकपमा भिड्दा कतार र इराकले अहिलेसम्म १-१ विश्वकपमा भिडन्त गरेका छन् । जोर्डन र उज्वेकिस्तान पहिलोपल्ट विश्वकपमा प्रतिस्पर्धा गर्दैछन् ।

कसले कतिपल्ट विश्वकपको ताज पहिरिए ?

विश्वकप फुटबलको झण्डै एकसय वर्ष पुरानो इतिहास भइसक्दा २२औँ संस्करणसम्म विश्वकप सम्पन्न भइसक्यो । यसमा सबैभन्दा बढी ब्राजिलले पाँच पटक विश्वकप जितेको छ ।

दुई पटक उपविजेता बनेको ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र २००२ मा विश्वकप जितेको छ। ब्राजिलपछि सबैभन्दा बढी चार-चार पटक जर्मनी र इटालीले विश्वकपको ट्रफी उचालेका छन् । जर्मनीले सन् १९५४, १९७४, १९९० र २०१४ मा विश्वकप जित्दा चारपटक नै उपविजेता बनेको छ। इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा विश्वकप जित्दा दुई पटक उपविजेता बनेको छ ।

यसैगरी, अर्जेन्टिनाले सन् १९७८, १९८६ र २०२२ मा गरी तीनपटक विश्वकप जित्दा तीनपटक नै उपविजेता बनिसकेको छ। विश्वकप फुटबलको इतिहासमा फ्रान्स र उरुग्वेले दुई-दुई पटक विश्वकप जितेका छन्। उरुग्वेले पहिलो विश्वकप सन् १९३० र १९५० मा विश्वकप जित्दा फ्रान्सले सन् १९९८ र २०१८ मा विश्वकप जित्दा दुई पटक नै फाइनलमा पराजित भयो ।

यसैगरी स्पेन र इङ्गल्याण्डले एक-एक पटक विश्वकप जितेका छन् । नेदरल्याण्ड्स तीन पटक उपविजेता बन्दै गर्दा हङ्गेरी र चेकोस्लाभियाले दुई-दुई पटक उपविजेता बनेका छन् । स्वीडेन र क्रोयसिया एक-एकपटक विश्वकपको उपविजेता बनिसकेका छन् ।

# स्कुटर दुर्घटनामा चालक गम्भीर

माडी । माडी नगरपालिका वडा नं-८, वैकुण्ठ चोकमा आइतबार राति ९:५० बजे स्कुटर अनियन्त्रित भई पल्टिँदा स्कुटर चालक गम्भीर घाइते भएका छन् ।

खरकट्टाबाट गर्दीतर्फ जाँदै गरेको बागमती प्रदेश ०६-००७ प ३८६१ नम्बरको स्कुटर दुर्घटनामा माडी-१, गर्दी बस्ने ५० वर्षीय सोमल महतो गम्भीर घाइते भएका हुन् ।

घाइते महतोको बघौडा अस्पताल माडीमा उपचारपश्चात् थप उपचारको लागि राति ११:५५ बजे नयाँ मेडिकल कलेज भरतपुरमा रिफर भई उपचार भइरहेको र उपचारमा निजकी श्रीमती संलग्न रहेको प्रहरीले जनाएको छ ।

## मूल्यवृद्धि ...

समयमा जनतामाथि थप करको भार थोपर्नु अन्यायपूर्ण भएको बताए । उनले सरकारलाई ध्यानाकर्षण गराउने उद्देश्यले शान्तिपूर्ण विरोध प्रदर्शन गरिएको जानकारी दिए ।

अभियन्ता मिराज ढुङ्गानाले सरकारले पेट्रोलियम पदार्थमा भन्सार महसुल, प्रदूषण शुल्क, सडक मर्मत दस्तुर, पूर्वाधार विकास कर, मूल्य अभिवृद्धि कर र हरित कर गरी ६ प्रकारका करहरू लगाउँदै आएको बताए । हाल प्रतिलिटर पेट्रोलको मूल्य २१७ रुपैयाँ पुग्दा सरकारले झन्डै ६५ देखि ७० रुपैयाँ त कर मात्रै लिने गरेको उनको भनाइ छ ।

आन्दोलनको उद्देश्य सरकारसँग घाटामा पेट्रोल माग्नु नभई, सङ्कटको घडीमा लगाइएका अनावश्यक करहरू हटाउन दबाब दिनु रहेको ढुङ्गानाको भनाइ छ । र्‍यालीमा एक सय बढी युवाको सहभागिता रहेको थियो ।

न्यूजप्रवाह साप्ताहिकको खबर अब जस्ताको तस्तै हेर्न तलको लिंक खोल्नुहोस
https://newsprabah.com/e-paper/

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **आकस्मिक एम्बुलेन्स सेवा** | |
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |
| **अस्पताल काठमाडौं** | |
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |
| **अस्पताल चितवन** | |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |
| **प्रहरी प्रशासन** | |
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| **पत्रपत्रिका/सञ्चार** | |
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं ।

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** – यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** – यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** – यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्‍याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** – यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** – यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** – यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** – यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन।

**वृश्चिक** – यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** – यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** – यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** – यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** – यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly | वर्ष : ५, अंक : ४२, पूर्णाङ्क : २२० | २०८३ जेठ १३ गते बुधबार (Wednesday, 27 May, 2026) | चितवन जि.प्र.का.द.नं. १८२/०७८/०७९ चितवन जि.हु.का.द.नं. १/०७८/०७९


# निकुञ्जमा घट्यो बाह्य पर्यटकको संख्या

भरतपुर। चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने बाह्य पर्यटक घटेका छन् । गत आर्थिक वर्षको वैशाखसम्ममा एक लाख ८३० जना विदेशी पर्यटकले निकुञ्ज भ्रमण गरेकामा चालु आवको वैशाखसम्म उक्त संख्या ८९ हजार ६३० मा झरेको हो ।




गत वर्ष सार्क मुलुकका १८ हजार ९३३ र तेस्रो मुलुकका ८१ हजार ८९७ जनाले निकुञ्जको भ्रमण गरेका जनाउँदै निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले यस वर्ष सार्क मुलुकका १३ हजार ९९२, तेस्रो मुलुकका ७५ हजार ६३८ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका उल्लेख गरे ।

बाह्य पर्यटक घटे पनि आन्तरिक पर्यटकमा भने गत वर्षको तुलनामा यस वर्ष बढेका छन् । गत आवको वैशाखसम्म निकुञ्ज भ्रमण गर्ने नेपाली पर्यटक एक लाख तीन हजार ६७२ रहेकामा चालु आवमा यो संख्या बढेर एक लाख ३७ हजार २४६ पुगेको निकुञ्जका सूचना अधिकारी थापामगरले जानकारी दिए । यस वर्ष नेपालमा भएको जेनजी प्रदर्शनपछि देखिएका राजनीतिक घटनाक्रम र मध्यपूर्वका देशमा भएको द्वन्द्वका कारण बाह्य पर्यटकको आगमनमा कमी आएको उनले बताए ।

नेपालीहरू पछिल्लो समय घुम्न थालेकाले आन्तरिक पर्यटकको आगमन बढेको सूचना अधिकारी थापामगरको भनाइ छ । उनले भने, 'सरकारले सातामा दुई दिन बिदा दिएकाले पनि आन्तरिक पर्यटक बढेका हुनसक्छन् ।' गत वर्ष फागुन, चैत, वैशाखमा आन्तरिक पर्यटक ३४ हजार २०२ आएकामा यस वर्ष सो समयमा ४७ हजार ६६१ पुगेका उनले जानकारी दिए ।

निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनमा अवलोकन भ्रमण गर्न विशेषगरी पर्यटक आउने गर्दछन् । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा हात्ती सफारी, जिप सफारी, पैदल सफारी, डुङ्गा सयर गर्न पर्यटक आउने गर्दछन् । निकुञ्जमा दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, भालु, हात्ती, चित्तल, घडियाल गोहीलगायत वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति, सरिसृप हेर्न पर्यटक आउने उनले बताऐ ।

यस वर्ष निकुञ्ज भ्रमण गर्ने पर्यटकबाट रु २३ करोड पाँच लाख ५० हजार ६०० राजस्व सङ्कलन भएको सूचना अधिकारी थापामगरले जानकारी दिए । उनका अनुसार काठदाउरा बिक्रीबापत रु ७१ हजार ३५०, गैरकाठ वन पैदावर बिक्रीबापत रु एक करोड ९५ लाख ३१ हजार ७५५, दण्डसजायबाट रु १० लाख ७१ हजार ९०४ र अन्य शीर्षकबाट रु १५ लाख २२ हजार ४०५ रकम राजस्व सङ्कलन भएको छ ।

# उत्कृष्ट विद्यार्थीलाई साइकल वितरण

भरतपुर। योगदानको प्रशंसा कालिका नगरपालिकाअन्तर्गत श्री समीपुर माध्यमिक विद्यालयमा एसइई उत्तीर्ण विद्यार्थी तथा कक्षा ८ र ५ मा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भएका विद्यार्थीहरूको सम्मान तथा नवनिर्मित विद्यालय भवन उद्घाटन गरिएको छ ।

कालिका नगरका नगरप्रमुख विनोद रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, स्थानीय जनप्रतिनिधि तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूको शैक्षिक उपलब्धिको प्रशंसा गर्दै उज्ज्वल भविष्यको कामना व्यक्त गरिएको थियो । कार्यक्रमको विशेष आकर्षणका रूपमा कालिका नगरपालिकाका समाजसेवी तथा युवा व्यक्तित्व रमेशजंग थापाको उपस्थिति रहेको थियो ।

उनले उत्कृष्ट विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप दुई थान साइकल वितरण गर्दै शिक्षामा निरन्तर सहयोग आवश्यक रहेको बताए । उनले विद्यार्थीहरूलाई मेहनत, अनुशासन र लक्ष्यप्रति समर्पित रहन आग्रह गर्दै शिक्षा नै समाज परिवर्तनको प्रमुख आधार भएको धारणा व्यक्त गरे ।

समाजसेवी थापा विगत पाँच वर्षदेखि कालिका नगरपालिकाका विभिन्न विद्यालयहरूमा निरन्तर



शैक्षिक तथा सामाजिक सहयोग गर्दै आएका छन् । उनले साइकल वितरण, शैक्षिक सामग्री सहयोग तथा विपन्न विद्यार्थीलाई सहायता गर्दै शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

सोही अवसरमा विद्यालयको नवनिर्मित भवनको औपचारिक उद्घाट गरिएको थियो । नयाँ भवनले विद्यालयको शैक्षिक वातावरण सुधार गर्दै विद्यार्थीहरूलाई सहज र गुणस्तरीय अध्ययन वातावरण प्रदान गर्ने अपेक्षा गरिएको छ । कार्यक्रममा सहभागी अतिथिहरूले पूर्वाधार विकाससँगै गुणस्तरीय शिक्षामा सबै पक्षको साझा भूमिका आवश्यक रहेकोमा जोड दिएका थिए ।














